नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको**

कार्यकारी निर्देशक नियुक्तिका लागि गठित सिफारिस समितिको दरखास्त आह्वान सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८३।०४।१६

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ तथा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकवाट यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र (कार्यालय समयमा) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (सरकारी उद्योग तथा संस्थान शाखा) सिंहदरबार, काठमाडौंमा दरखास्त दिन सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

(क) दरखास्त दिने अन्तिम मितिसम्म उमेर ३५ वर्ष पुगेको र ६५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयवाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग व्यवसायको क्षेत्रमा विशेषज्ञता प्राप्त गरेको (विशेषज्ञता प्राप्त भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको उद्योग/प्रतिष्ठान/सार्वजनिक संस्था वा निकायमा व्यवस्थापकीय तहमा कम्तिमा पाँच वर्षको कार्यअनुभव प्राप्त गरेकोलाई बुझाउनेछ।),

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको,

(घ) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

**२. निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) दरखास्तसाथ यस मन्त्रालयको वेभसाइट www.moics.gov.np मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्वन्धी निर्देशिका, २०७८ को अनुसूची-२ बमोजिमको ढाँचामा दुई प्रति पासपोर्ट साइजको फोटो, मन्त्रालयको वेभसाइटमा रहेको नमूना वमोजिमको स्वघोषणा फाराम, वैयक्तिक विवरण तथा शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सम्वन्धित निकायवाट प्रमाणित अनुभव खुल्ने कागजातका प्रतिलिपीहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(ख) अनुभवको विवरण पेश गर्दा काम गरेको संस्थाको नाम, काम गरेको कूल समयावधि (वर्ष, महिना, दिन समेत) खुलाई स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ।

(ग) दरखास्तसाथ उम्मेदवारले अद्यावधिक वायोडाटा (CV) समेत पेश गर्नुपर्नेछ।

(घ) दरखास्तसाथ उम्मेदवारले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सञ्चालनका लागि मन्त्रालयको वेवसाइट www.moics.gov.np मा रहेको व्यावसायिक कार्ययोजनाका विषय समावेश हुने गरी बढीमा पाँच हजार शब्दको व्यावसायिक कार्ययोजना २ (दुई) प्रति एउटै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ। व्यावसायिक कार्ययोजना A4 साइजको सादा सेतो कागजमा एकापट्टि मात्र टाइप गरिएको हुनुपर्ने छ। व्यावसायिक कार्ययोजना नेपाली वा अग्रेजी भाषामा लेख्न सकिनेछ। कार्ययोजनाको अग्रपृष्ठ (Cover Page) मा बाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाइने छैन।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताः**

दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्ताको लागि तोकिएको स्थान, मिति र समयमा सहभागी हुनुपर्नेछ।

**४. दरखास्त दस्तुरः**

दरखास्त दस्तुरबापत यस मन्त्रालयको कार्यालय कोड नं.३०७००३५०१ राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरवार शाखामा रु.५०००/- (अक्षरुपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

**५. पारिश्रमिक अन्य सुविधाः** प्रचलित कानून बमोजिम हुनेछ।

**६. अन्य विवरणः**

(क) यो सूचना बमोजिम रीत नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिबाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्त साथ कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## नियुक्त वा मनोनीत हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायको देहायको पदमा नियुक्ति/मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त/मनोनित हुन चाहेको सार्वजनिक निकायको नाम:

२. नियुक्त/मनोनित हुन चाहेको पद:

३. दरखास्त पेश गर्ने व्यक्तिको:

क) व्यक्तिगत विवरण:

नाम थर:-

नेपाली नागरिकताको प्रमाणपत्र नम्बर र जारी जिल्ला:

स्थायी ठेगाना:

अस्थायी ठेगाना:

जन्म मिति:

सम्पर्क नम्बर:

इमेल:

ख) शैक्षिक योग्यताको विवरण:

| क.सं. | उपाधि | विश्वविद्यालय/ शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ग) अनुभव

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

घ) लेख/रचना तथा अन्य प्रकाशन

| क.सं. | लेख/रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल/पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ङ) अन्य केही खुलाउनु पर्ने भए:

| क.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**च) संलग्न कागजात तथा विवरण:**

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) वैयक्तिक विवरण,

(३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(४) सम्वन्धित क्षेत्रको अनुभव खुल्ने कागजातको प्रतिलिपि।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| औंठाछाप | |
|---|---|
| | |
| दायाँ | बायाँ |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

दस्तखत: ..........................

नाम थर: ..........................

मिति: ..............................

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको कार्यकारी निर्देशक पदका लागि पेश गर्ने व्यावसायिक कार्ययोजनाको ढाँचा

१. औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको संक्षिप्त परिचयः

२. प्रतिष्ठानको व्यवस्थापकीय र वित्तीय अवस्थाको विश्लेषणः

३. प्रतिष्ठानको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती (SWOT)को विश्लेषणः

४. व्यावसायिक कार्ययोजना (Business Action Plan)

बुँदा नं. ४ को कार्ययोजना (Business Action Plan) मा ३ बर्ष भित्रमा सम्पन्न हुन सक्ने देहायका विषय समावेश गर्नु पर्नेछ ।

क) प्राविधिक तथा व्यावसायीक सूचना र प्रविधि हस्तान्तरण,

ख) उद्यमशिलता, व्यवस्थापन विकास र प्राविधिक तथा सीप विकास,

ग) सम्पत्ति तथा जनशक्ति व्यवस्थापन,

घ) निजीक्षेत्रसँगको समन्वय र सहकार्य,

ङ) प्रतिष्ठानको पूर्वाधार निर्माण एवं विकास,

च) प्रविधिको उपयोग,

छ) सुशासन र संस्थागत विकास।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

### औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदका उम्मेदवारले आवेदनसाथ पेश गर्नुपर्ने

### स्वःघोषणा फाराम

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्विक बस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग नलागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन बर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | औद्योगिक व्यवसाय विकास प्रतिष्ठानसँग कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको, |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको। |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

उम्मेदवारको नाम थरः

दस्तखतः

मितिः